त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र संकाय
परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

मितिः २०७९।३।५

# स्नातकोत्तर तह तेस्रो सेमेष्टरको परीक्षा आवेदन फाराम भर्ने म्याद थप गरिएको सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (खुल्ला तथा दूर सिकाई समेतको) तेस्रो सेमेष्टर (नियमित तथा आंशिक/मौका) को २०७९ साल श्रावण महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले अनलाईन मार्फत परीक्षा फाराम भर्ने म्याद यही २०७९ साल असार ५ गतेसम्म तोकिएकोमा केही क्याम्पसहरुको अनलाईन फाराम भर्न समस्या भएको भन्ने जानकारी प्राप्त भएको हुँदा फाराम भर्ने म्याद एकल शुल्कमा यही २०७९ साल असार १० गतेसम्म र दोब्बर शुल्कमा यही २०७९ साल असार ११ गतेदेखि १५ गतेसम्म थप गरिएको छ। सम्बन्धित क्याम्पसहरुले आ-आफ्नो क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुबाट फाराम शुल्क वापत संकलित रकम एकल शुल्कको हकमा यही २०७९ साल असार ११ गतेसम्म तथा दोब्बर शुल्कको हकमा २०७९ साल असार १६ गतेसम्म यस संकायको बैंक खातामा जम्मा गरी सोको बैंक भौचरको स्क्यान कपि संलग्न गरी अनलाईन मार्फत भरिएका फारामहरु रुजु गरी आन्तरिक मूल्यांकनको प्राप्ताङ्क प्रविष्ट गरी यही २०७९ साल असार १६ गतेसम्म अनलाईन फाराम Verify गर्नुपर्नेछ । फाराम शुल्क वापतको रकम यस संकायको बैंक खातामा दाखिला गरेको मितिले १ महिनाभित्र यस संकायको लेखा शाखामा सक्कल बैंक भौचर बुझाइ रसिद काट्नुपर्नेछ ।

सहायक डीन